बिष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी

मधेश प्रदेश, नेपाल ।

रोजगार सेवा केन्द्र ।

बिष्णुपुर गाउँपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
बिष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

## न्यूनतम रोजगारीमा संल्गन हुनको लागि निबेदन दिने बारेको सूचना ।

( प्रकाशित मिति : २०७८।११।०३ )

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन , २०७५ को दफा ११ , रोजगारीको हकसम्बन्धी नियमाबली , २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार र्कक्रम संचालन निर्देशिका , २०७५ को दफा १८ बमोजिम आगामी आ.व. २०७९।०८० का लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने आर्थिक र सामाजिक अवसरबाट बञ्चित १८ देखी ५९ वर्ष समूहका बेरोजगार व्यक्तिहरुले आपनो स्थायी बसोबास भएको वडा कार्यालयमा गई २०७८ साल फागुन मसान्तसम्म निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय , रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ र बेरोजगार व्यक्तिले तपसिल बमोजिमको विवरण अनिर्वाय पेश गर्नु हुन अनुरोध छ ।

तपसिल :-

१. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि १ -थान

२. निवेदकको पासपोर्ट आकारको फोटो १ थान

३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम , जन्ममिति , नागरिकता नं. , जारी जिल्ला जारी मिति , सम्पर्क नं. र वार्षिक परिवारिक आय अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

४. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भता वा अन्य सरकारी सुविधा लिए /नलिएको विवरण अनिवार्य भर्नुपर्ने छ ।

५. सम्बन्धित वडाको स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपी ( नागरिकता , बसाईसराई , विवाह दर्ता , सहिछाप आदी )

६. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

जितेन्द्र कुमार यादब
रोजगार संयोजक

जितेन्द्र कुमार यादव
रोजगार संयोजक

समलखन मेहता
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना तथा प्रविधि अधिकृतज्यू

यो सूचना फेसबुक पेज तथा गाउँपालिकाको वेबसाइटमा अपलोड गरिदिनु हुन अनुरोध छ ।